# मालिका गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अर्खावाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


सूचना नं. ५
प.सं.: २०८३/०८४

मिति २०८३/०५/०८
ने.स ११४६

### सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको परिचयपत्र नवीकरणका लागि घुम्ती सेवा सञ्चालन सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस मालिका गाउँपालिकामा स्थायी ठेगाना भई विभिन्न कारणले अन्य बाहिरी जिल्लाहरुमा बसोवास गर्दै आएका सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुका लागि तपसिल बमोजिमको मिति, समय र स्थानमा घुम्ती सेवा मार्फत नविकरण गर्ने कार्यक्रम संचालन गरिने भएको हुँदा देहाय बमोजिमको कागजात सहित स्वयम उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागी अनुरोध छ ।

तपसिल:

| क.स | कार्यक्रम | मिति | समय | स्थान | कै. |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण | २०८३/भाद्र १४ गते | विहान १०:०० बजे देखी दिउँसो १२:०० बजे सम्म | रेसुङ्गा नगरपालिकाको कार्यालय तम्घास गुल्मी | |
| २ | सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण | २०८३ भाद्र १५ गते | १५ गते विहान ८:०० देखी साँझ ४:०० बजे सम्म | वुटवल उप-महानगरपालिका वडा नं ३ को वडा कार्यालय गोलपार्क, वुटवल ,रुपन्देही | |
| ३ | सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण | २०८३ भाद्र १७ गते | विहान ८:०० देखि साँझ ४:०० बजे सम्म । | मेलम्ची खानेपानी विकास समितिको कार्यालय महाराजगञ्ज ,काठमाडौं | |

**लाभग्राही परिचयपत्र नवीकरणका लागि आवश्यक कागजातहरु :**

- १३ अंक सहितको लाभग्राही परिचय-पत्र ।
- राष्ट्रिय परिचय-पत्र नम्बरको प्रतिलिपि र नागरिकता प्रमाण-पत्रको प्रतिलिपि।
- पासपोर्ट साइजको फोटो १ प्रति ।
- बालवालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकताको प्रतिलिपि।
- सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेका ६० वर्ष पुगेका महिलाहरुको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण।
- विधवा महिलाहरुको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र ६० वर्ष भन्दा तलका विधवाको हकमा अर्को विवाह नगरेको प्रमाण ।
- विवाह नगरी बसेका ६० वर्ष माथिका महिलाहरुको हकमा कार्यालयबाट जारी भएको अविवाहित सिफारिस पत्र।
- बैंक खाता नं भएको चेकबुकको प्रतिलिपि १ प्रति।
- अपाङ्गताको हकमा अपाङ्गगता परिचयपत्रको प्रतिलिपि ।

थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय तथा मालिका गाउँपालिका सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा ९८५७०६७७०५/९८४७१६१६१४मा सम्पर्क गर्न सक्नुहुनेछ ।

विवेक खनाल
प्रमुख प्रशासकिय अधिकृत